मा. आरती पौडेल
मन्त्री

# खाद्यान्न भण्डार घर निर्माण/सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

<u>प्रस्तावनाः</u> नेपालको संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई व्यवहारिक रुपमा स्थापित गराउनका साथै कृषकहरुले उत्पादन गरेको खाद्यान्न उपजको निश्चित समयसम्म भण्डार पश्चातमात्र यथोचित विक्री मूल्य पाउन सक्ने विद्यमान अवस्था रहेकोले खाद्यान्न भण्डार घर निर्माण तथा सुधार कार्यक्रम मार्फत त्यस्तो खाद्यान्न भण्डारणको व्यवस्था गर्न आवश्यक भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहत निकायको वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेदः १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "खाद्यान्न भण्डार घर निर्माण/सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आपूर्तीकर्ता" भन्नाले खाद्यान्न भण्डार घर निर्माणका लागि आवश्यक मेशिनरी यन्त्र लगायत सामग्रीहरु उपलब्ध गराउने फर्म वा डिलरहरु सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले भण्डार घर निर्माण/सुधार तथा सञ्चालन गर्ने सरकारी संस्था वा कृषि सहकारीलाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले खाद्यान्न भण्डार घर निर्माणमा सहयोग कार्यक्रमलाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय वा मातहतका निकायहरुलाई सम्झनु पर्छ।

(ङ) "खाद्यान्न भण्डार घर" भन्नाले विभिन्न कृषि उपजहरु मुख्यतः धान, गहुँ, मकै, दलहन तथा तेलहनको प्रशोधित वा अप्रशोधित उपजलाई चिस्यान, तापक्रम तथा वाष्प नियन्त्रित अवस्थामा वा सुव्यवस्थित अवस्थामा भण्डारण गरिने घरलाई सम्झनु पर्छ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय



सचिव

मा. आरती पौडेल
मन्त्री

(च) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(छ) "भौतिक पूर्वाधार" भन्नाले खाद्यान्न भण्डार घरका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा मेशिनरी औजारलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले दफा ६ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ञ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सरकारी कम्पनी वा संस्था वा सहकारीलाई सम्झनु पर्छ।

३. <u>कार्यक्रमको उद्देश्यहरु:</u> कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन्:-

(क) प्रमुख खाद्यान्न बालीहरुको भण्डारण मार्फत संरक्षण र ताजापन कायम रहने व्यवस्था मिलाई कृषकलाई आफ्नो उत्पादनको उचित एवं उपयुक्त मूल्य प्राप्त गर्न सक्ने वातावरण तयार गर्ने,

(ख) सर्वसाधारणहरुलाई सूलभ मूल्यमा गुणस्तरीय खाद्यान्न उपजहरुको उपलब्धता सुनिश्चित गर्ने,

(ग) कृषकलाई धान लगायतका वस्तुको उचित बिक्री मूल्य प्राप्त हुने समयसम्म भण्डारणमा टेवा पुऱ्याउने,

(घ) सरकारी संस्था/संस्थान वा कृषि उद्देश्य रहेका सहकारी संस्था मार्फत नयाँ निर्माण हुने वा मर्मत सुधार गरी सञ्चालनमा ल्याइने गोदामघरहरु मार्फत भण्डारण सुविधा उपलब्ध गराउने,

(ङ) कृषि उपजहरु बारीमा कुहिने, मूल्य नपाएका कारण न्यून मूल्यमा बिक्री गर्नु पर्ने, पशु चौपायालाई बालीनाली खुवाउनु पर्ने बाध्यतालाई हटाई सु-व्यवस्थित बजारीकरणको व्यवस्थापन गर्ने।

## परिच्छेद- २

## <u>कार्यक्रम सञ्चालनका क्षेत्र र प्रक्रिया</u>

४. <u>कार्यक्रम सञ्चालनका क्षेत्र:</u> (१) कार्यक्रम सञ्चालनको क्षेत्र छनौट गर्दा उत्पादन र बजारीकरणका हिसाबले सम्भाव्य र रणनीतिक रुपमा महत्वपूर्ण प्रदेश नं. ५ को जुनसुकै स्थानमा स्थापना तथा सञ्चालन गर्न सकिनेछ।

प्रदेश सरकार प्रदेश नं. ५

मा. आरती पौडेल
मन्त्री

(२) कार्यक्रममा सरकारी वा सहकारी क्षेत्रका प्रयोग विहीन रहेका गोदाम घरहरुलाई मर्मत तथा सम्भार/सुधार गरी प्रयोगमा ल्याउन इच्छुकहरुलाई पनि समावेश गर्न सकिने छ।

५. <u>सूचना तथा प्रस्ताव छनौट</u> : यस कार्यक्रमको सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) यस कार्यक्रमको सञ्चालन निर्देशनालय/कार्यालयले गर्नेछ।

(ख) खाद्यान्न भण्डार घर निर्माण गर्ने मन्त्रालयले राष्ट्रिय वा प्रदेशस्तरको दैनिक पत्रिकामा ३० (तीस) दिने सूचना प्रकाशन गरी आयोजना प्रस्ताव माग गर्नेछ।

(ग) आयोजना प्रस्ताव अनुसूची-३ बमोजिम मापदण्ड पुगेको हुनुपर्नेछ।

(घ) अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन तथा आवश्यक कागजातहरु, अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी अनुसूची-५ बमोजिमको प्रतिवद्धता पत्र सहित सूचनामा तोकेको कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ।

(ङ) प्रस्ताव दर्ता गर्ने कार्यालयले दर्ता भएका प्रस्तावहरु म्याद सकिएको मितिले ७ दिनभित्र निर्देशनालय/कार्यालयमा पठाई सक्नु पर्नेछ।

(च) भौगोलिक सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको स्थलगत निरीक्षण तथा मूल्याङ्कन निर्देशनालय/कार्यालयले गर्नेछ।

(छ) अनुदानग्राही र निर्देशनालय/कार्यालय बीच अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(ज) सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको अन्तिम लेखाजोखा निर्देशनालय/कार्यालयले गर्नेछ तर कार्यान्वयनको चरणमा कुनै प्राविधिक रेखदेख, सुपरीवेक्षणको आवश्यकता परेमा निर्देशनालय/कार्यालयले उपलब्ध गराउनेछ।

(झ) कार्यविधिको कार्यान्वयन भन्दा अगावै मन्त्रालयबाट प्रदान गरिएको अनुदान लगायतका कुनै पनि सेवा सुविधा प्राप्त गरेका संस्थाहरुलाई दोहोरो सुविधा लिने गरी यस कार्यविधि बमोजिम सुविधा प्राप्त हुनेछैन। तर, सम्पन्न भइनसकेका कार्यक्रमलाई यस किसिमको सुविधा प्रदान गर्न सकिनेछ।

६. <u>समिति सम्बन्धी व्यवस्था:</u> (१) निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :

(क) प्रमुख निर्देशनालय — अध्यक्ष

प्रदेश सरकार



सचिव

(ख) प्रमुख खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय सदस्य
(ग) प्रमुख लेखा/प्रशासन शाखा, निर्देशनालय सदस्य
(घ) प्रमुख योजना, कार्यक्रम तथा अनुगमन शाखा, निर्देशनालय सदस्य
(ङ) प्रमुख वा तोकिएको अधिकृत, बाली विकास तथा माटो व्यवस्थापन शाखा, निर्देशनालय सदस्य सचिव

(२) कृषि ज्ञान केन्द्रबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको समिति गठन हुनेछः-

(क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत अध्यक्ष
(ख) योजना शाखा प्रमुख सदस्य
(ग) लेखा/प्रशासन शाखा सदस्य
(घ) कार्यालय प्रमुखले तोकेको कार्यक्रम सञ्चालन गर्ने शाखाको कर्मचारी सदस्य सचिव

(३) उपदफा (१) वा (२) बमोजिमको समितिले आवश्यकता अनुसार बढिमा ३ जना सम्म कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन गर्ने निर्णय गर्ने,
(ख) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र कार्यक्रम तथा बजेट अनुदान वितरणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कार्य गर्नुका साथै आवश्यकता अनुसार अन्य उप-समिति पनि गठन गर्न सक्ने,
(ग) दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पुरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ्ग गर्ने/गराउने,
(घ) कार्यक्रम सञ्चालनका लागि सम्भावित अनुदानग्राहीको छनौटको लागि आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,
(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदनमा उल्लेख भएअनुसार प्रस्तावकहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने वा अस्वीकृत गर्ने भन्ने निर्णय गर्ने,
(च) प्रस्तावकको अन्तिम मूल्याङ्कन अनुसुची-४ बमोजिमको मूल्याङ्कन फारममा व्यवस्था भए बमोजिम गर्ने,



सचिव

मा. आरती पौडेल
मन्त्री

(छ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको सीमाभित्र रही छनौट भएका प्रस्तावकसँग सम्झौताको लागि निर्णय गर्ने/गराउने,

(ज) छनौट भएका प्रस्तावकहरुको प्रस्तावित कार्ययोजनालाई आवश्यक देखिएमा प्रस्तावकको सहमतिमा परिमार्जन गर्ने र अन्तिम रुप दिई अनुदानको सीमा तोक्ने, र

(झ) कार्यक्रमको सुपरिवेक्षण र अनुगमनमा आवश्यकता अनुसार सहयोग गर्ने।

८. आपूर्तिकर्ताले पालन गर्नु पर्ने शर्तहरुः कार्यक्रम कार्यान्वयनका लागि आपूर्तिकर्ता डिलर वा फर्महरुले खाद्यान्न भण्डार घर निर्माणका लागि आवश्यक मेशिनरी यन्त्रहरु उपलब्ध गराउँदा देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछः

(क) खाद्यान्न भण्डारमा प्रयोग हुने मेशिनरी सामग्रीहरु राष्ट्रिय वा अन्तरराष्ट्रिय मान्यता प्राप्त ब्राण्ड भएको हुनु पर्नेछ।

(ख) खाद्यान्न भण्डारमा प्रयोग हुने मेशिनरीहरुको घटीमा एक वर्षको ग्यारेन्टी तथा कम्तिमा दुइ वर्षसम्म सर्भिस ग्यारेन्टी सम्झौता भएको हुनु पर्नेछ।

(ग) उपभोक्तालाई मेशिनरी उपकरण र सामग्रीहरु माग गरिएको समयमा उपलब्ध गराउनु पर्नेछ।

(घ) खाद्यान्न भण्डार घरमा आवश्यक मेशिनरीहरु तथा सामग्रीहरु जडान गर्ने कार्य समेत गर्नु पर्नेछ।

९. उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरुः कार्यक्रम कार्यान्वयनका लागि संस्था वा उपभोक्ताले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछः-

(क) उपभोक्ता कृषि व्यवसायमा संलग्न भएको हुनुपर्नेछ।

(ख) सरकारी संस्था वा सहकारीको हकमा खाद्यान्न भण्डार घर निर्माणमा वा मर्मत सुधारमा लाग्ने लागतको बढीमा ५० प्रतिशत रकम वा कार्यक्रम व्यवस्थापन समितिको निर्णय बमोजिम बढीमा २५ लाख मध्ये जुन कम हुन आउँछ सो रकम मात्र अनुदान स्वरुप उपलब्ध गराइनेछ।

(ग) अनुदान प्राप्त गर्ने सरकारी वा सहकारी संस्थाको नाममा जग्गा भएको जग्गा धनी प्रमाण पुर्जा वा कम्तिमा १५ वर्षको जग्गा भोगाधिकारको करारनामा पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

(घ) उपभोक्ताले आपूर्तिकर्तालाई दिनुपर्ने लागत खर्च यकीन गरी भुक्तानी दिनु पर्नेछ।

(ङ) अनुदानमा निर्माण वा सुधार भएका खाद्यान्न भण्डार घर निर्माणकर्ताले आवश्यक विधि तयगरी आफ्नो समूह वा सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ।

(च) निर्माण वा सुधार भएको खाद्यान्न भण्डार घर कम्तिमा दश वर्षसम्म अरुलाई बिक्री वितरण वा हस्तान्तरण गर्न पाइनेछैन।

१०. <u>अनुदान प्रवाह विधि</u> : अनुदान प्रवाह विधि देहाय बमोजिम हुनेछः-

(क) कार्य सम्पन्न प्रतिवेदन तथा रनिङ्ग विल अनुसार हुन आउने अनुदान बापतको रकम आधा कामसम्पन्न पश्चात ५०% र बाँकी रकम पूर्ण कार्य सम्पन्न पश्चात अनुदानग्राहीलाई एसिपेयी चेक मार्फत भुक्तानी दिइनेछ वा एकमुष्ट रुपमा पूर्ण कार्य सम्पन्न भए पश्चात मात्र उपलब्ध गराइने छ।

(ख) उपभोक्ताले खरिद गरेको मेशिनरी औजारहरुको प्रचलित आर्थिक तथा सार्वजनिक खरिद ऐन नियमावली बमोजिम प्रक्रिया पुरा गरी कोटेशन तथा बिल भर्पाई सहित भुक्तानीका लागि पठाउनु पर्नेछ।

(ग) अनुदानग्राही उपभोक्ता वा संस्थाले पेश गरेको विवरणको आधारमा निर्देशनालय/कार्यालय वा मातहतका कार्यालयद्वारा अनुगमन भई अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ।

(घ) निर्देशनालय/कार्यालयले सम्बन्धित मूल्याङ्कनबाट संलग्न कागजातहरु जाँच गरी सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ।

(ङ) भुक्तानी गर्दा प्रचलित कानून बमोजिम अग्रीम आयकर र कन्टिन्जेन्सी बापतको रकम प्रचलित कानून बमोजिम कट्टा गरिनेछ।

११. <u>कार्यक्रम कार्यान्वयन प्रक्रियाः</u> कार्यक्रम कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) छनौट भएका संस्थाहरुले प्रचलित कानून बमोजिम खाद्यान्न भण्डार घरको नक्सा पास गराउनु पर्नेछ। तर अग्रीम

सञ्चालनमा रहेका भण्डार घर/गोदामहरुको हकमा भने यो लागू हुने छैन।

(ख) खाद्यान्न भण्डार घर स्थापनाका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माणको कार्य भवन निर्माण तथा मर्मत र मेशिन उपकरणको जडान लगायतका कार्यहरु कार्ययोजना बमोजिम तोकिएको समय भित्र सम्पन्न गरिसक्नु पर्नेछ।

(ग) खाद्यान्न भण्डार घर स्थापनाका लागि भौतिक पूर्वाधारहरुको निर्माण, मेशिनरी उपकरण खरिद र जडान गर्न आवश्यक लागत खर्च सहितको एकमुष्ठ प्रस्ताव प्रस्तावकले पेश गर्नु पर्नेछ।

(घ) निर्माण कार्यको नियमित अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सेवा निर्देशनालय/कार्यालय र मातहतका कार्यालयबाट हुनेछ। आवश्यकता अनुसार निर्देशनालय/कार्यालयले साईट सुपरभाईजरको व्यवस्थापन गर्न सक्नेछ।

(ङ) संस्थाले आफ्नो वार्षिक लेखा परीक्षण, कारोबारको स्थिती प्रतिवेदन वार्षिक रुपमा निर्देशनालय/कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-३

## समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१२. अनुगमन, मूल्याङ्कन तथा समन्वय : (१) सञ्चालित कार्यक्रमहरुको प्रदेशस्तरबाट नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य कृषि विकास निर्देशनालय/कार्यालयको हुनेछ।

(२) सञ्चालित कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य सम्वन्धित कृषि ज्ञान केन्द्रबाट हुनेछ। यसरी अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्वन्धित जिल्ला मार्फत निर्देशनालय/कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) अनुदानग्राहीले निर्देशनालय/कार्यालयमा दस वर्षसम्म वार्षिक प्रतिवेदन पठाउनु पर्नेछ साथै मन्त्रालय, प्रदेश सरकारका सरोकारवाला कार्यालयहरु तथा सम्बन्धित स्थानीय तहले समय समयमा अनुगमन गर्न सक्नेछ र अनुगमनबाट दिएका निर्देशनहरुको अनुदानग्राहीले पालना गर्नु पर्नेछ।

१३. समन्वयः निर्देशनालय/कार्यालयले यस कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

मा. आरती पौडेल
मन्त्री

परिच्छेद-४

विविध

१४. <u>सार्वजनिक परीक्षण</u> : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१५. <u>कारवाहीको व्यवस्था</u>: सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना गरेमा, नक्कली बिल भरपाई बनाइ भुक्तानी लिएको प्रमाणित भएमा वा स्थापना पश्चात यस कार्यक्रमको उद्देश्य अनुरुप खाद्यान्न भण्डार घर सञ्चालन नगरेमा प्रचलित कानून अनुसार कारवाही गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१६. <u>प्रचलित कानून लागू हुने</u> : यस कार्यविधिमा व्यवस्था भएका विषयहरुमा यसै कार्यविधि बमोजिम र व्यवस्था नभएकाको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. <u>अन्तिम व्याख्या</u> : यस कार्यविधिको व्याख्यामा द्विविधा उत्पन्न भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

१८. <u>कार्यविधि संशोधन तथा हेरफेर</u> : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिको अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

प्रा. आरती पौडेल
मन्त्री

अनुसूची-१

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

<u>खाद्यान्न भण्डार घर निर्माणका लागि दिने निवेदन-पत्रको ढाँचा तथा आवश्यक कागजातहरु</u>

मितिः ..................

श्रीमान् ....................,

.................... ।

विषयः खाद्यान्न भण्डार घर निर्माण/सुधारको प्रस्ताव पेश गरेको बारे। (कुनै एउटा मात्र लेखे)

प्रस्तुत विषयमा तहाँ निर्देशनालय/कार्यालयबाट मिति ..................................... मा प्रकाशित गरिएको सूचना अनुसार ............................................ बाली/वस्तु भण्डारणका लागि ......................................................निर्माण गर्न आवश्यक भएकोले निर्देशनालय/कार्यालयले तोकेको शर्तको अधीनमा रही खाद्यान्न भण्डार घर निर्माण गर्न निम्न अनुसारको कागजातहरु यसै निवेदन साथ संलग्न राखि यो प्रस्तावना पेश गरेको छु।

संलग्न कागजातहरुः

१.

२.

३.

४.

दस्तखत ............................

नाम ..................................

संस्थाको छापः

पद .................................

ठेगाना ............................

संस्थाको नाम ....................

सम्पर्क नं. ........................

ईमेल .............................

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

१) अनुसूची-१ वमोजिमको निवेदन १ प्रति

२) अनुसूची-२ वमोजिमको प्रस्तावना १ प्रति

३) समूह/सहकारी सदस्यको हकमा समूह/सहकारीको निर्णय प्रतिलिपि १/१ प्रति

४) तोकिएको सम्पर्क व्यक्ति/सदस्यको नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १/१ प्रति

मा. आरती पौडेल
मन्त्री

५) समूह/सहकारी अघिल्लो आ.व. सम्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

६) समूह /सहकारी दर्ता नवीकरण प्रमाणपत्रको प्रतिलिपि १ प्रति

७) कम्पनी, संस्था र सहकारीहरुको हकमा लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि करको दर्ता प्रमाण-पत्रको प्रतिलिपि १/१ प्रति

८) अनुसूची-३ बमोजिम जग्गाको स्वामित्व संस्थाको नाममा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा १५ वर्षको जग्गाको करारनामा पत्र सहित जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

९) सडक, विद्युत-३ फेज र खानेपानीको सुलभ पहुँच भएको वा हुन सक्ने हुनु पर्ने

१०) खाद्यान्न भण्डार बनाउने स्थान देखाउने हाते नक्सा

११) आगामी ५ वर्षको लागि व्यावसायिक प्रक्षेपण सहितको कार्य योजना

१२) वातावरण व्यवस्थापन सम्बन्धी योजना

१३) पूर्ण ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सा, स्थानीय तहको मापदण्ड अनुसार स्वीकृत नक्सा (कार्यक्रम स्वीकृत भएमा मात्र डिजाइन नक्सा पेश गर्नु पर्ने)

सचिव

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-२

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

**<u>प्रस्तावको ढाँचा</u>**

**खण्ड – (क)**

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक संस्थाको नामः | |
| ठेगानाः | |
| जिल्लाः<br>स्थानीय तहको नामः<br>वार्ड नं.<br>गाउँ/टोलः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |
| सदस्य संख्याः | जम्मा..........महिला.............. पुरुष.........<br>दलित....... जनजाति..... अन्य.......... |

२. लाभान्वित कृषक संख्याः प्रत्यक्ष.................... अप्रत्यक्ष....................

३.आयोजनाको लागत विवरणः

| सहभागिता | रकम रु. | कैफियत |
|---|---|---|
| जम्मा लागत रु. | | |
| निर्देशनालय/कार्यालयले व्यहोर्ने रु. | | |
| उपभोक्ता/ संस्थाले व्यहोर्ने रु. | | |
| अन्य साझेदार संस्था भए रु. | | |

४. आयोजना प्रस्तावको विवरणः

क) खाद्यान्न भण्डार को प्रकार..................................................

(अनुसूची-४ अनुसार)

ख) खाद्यान्न भण्डार मा स्टोर गर्ने मुख्य उपजको विवरणः

उपजको नामः.......................... परिमाण मे.टन. ............................

५. अनुमानित खाद्यान्न भण्डार सञ्चालनमा आउने मितिः– ...................

मा. आरती पौडेल

६. प्रक्षेपित कारोबार विवरण (मे.टन)

| विवरण/उपज | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

७. खाद्यान्न भण्डार घरको प्रभाव (खाद्यान्न भण्डार मा स्टोरको लागि कहाँ कहाँबाट आउने) क्षेत्र:

| क्र.सं. | स्थानीय तह र वार्ड नं. | क्षेत्रफल हेक्टर | उत्पादन मे.टन | स्टोर गर्ने परिमाण मे.टन. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

८. आवेदक समूह/संस्थाको चल अचल पुँजीको विवरण:

| चल पुँजी | अचल पुँजी | कैफियत |
|---|---|---|
| | | |
| | | |

९. खाद्यान्न भण्डार घर निर्माणका लागि उपलब्ध हुने जग्गाको विवरण

क) पाखो ...................... क्षेत्रफल......................

ख) खेत:...................... क्षेत्रफल ....................

१०. संस्थाको स्वामित्वमा जग्गा छ वा छैन् ......................

११. सडक सुविधा छ वा छैन् ............

क) छैन भने सडकको संभावना विवरण ............................

१२. ३ फेज क्षमता भएको विद्युतको व्यवस्था छ वा छैन .....................

क) छैन भने आवश्यक संभावना विवरण ........................

ख) छ भने खाद्यभण्डार स्थलबाट दुरी .............................. मिटर

अन्य आवश्यक विवरणहरु उल्लेख गर्नुपर्ने भए ...........................

१३. संस्थाको आवश्यक भौतिक पूर्वाधार तथा मेशिनरी औजारहरु को विवरण:

गोदाम भण्डारण क्षमता ...........

अन्य भौतिक पूर्वाधार र तिनको क्षमता ..............

मेशिनरी उपकरण ................

कार्यालय कोठा ..................

कम्पाउण्ड वाल/फेन्सिङ...................

१४. खाद्यान्न भण्डार घर सञ्चालन गर्न सक्ने जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ......................



सचिव

मा. आरती पौडेल
मन्त्री

१५. खाद्यान्न भण्डार घर सञ्चालन योजना (मोडालिटी) पेश गर्नु पर्नेछ ................
१६.वातावरण व्यवस्थापन विवरण ..............................
१७. बजार योजना विवरण..........................................
१८. यस अघि कारोबार गरेको छ/छैन यदि छ भने विवरणः

| क्र.स. | आ.व. | बाली | जात | परिमाण (केजि) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१९. रोजगारी अभिवृद्धीमा हुने भूमिका (परियोजना सम्पन्न भए पछि के कती रोजगारी उपलब्ध हुने छ): महिला- .......... पुरुष- ........ जम्मा-........

२०. वातावरणमा नकारात्मक असर पर्छ की पर्दैन, पर्ने भए न्यूनिकरणका उपायहरु के के छनः

२१. आफुले व्यहोर्ने रकमको व्यवस्थापन कहाँबाट हुने हो ?

२२. परियोजना सञ्चालन हुदा वातावरणमा केही फरक परेको छ वा छैन। फरक परेको भए कसरी व्यवस्थापन भएको छ र नपरेको भए किन फरक परेको छैन लेखुहोस।

२३. अन्य ................................................................................

## खण्ड-(ख)

**प्रस्तावित योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा**

.................. को मिति २०७................ मा प्रकाशित सूचना अनुसार खाद्यान्न भण्डार घर निर्माण/सुधार सहयोग कार्यक्रमको लागि चालु आ.व. र अघिल्ला २ आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं। उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक
दस्तखतः
नामः
पदः
मितिः

साक्षीः
दस्तखतः
नामः
पदः
मितिः

नोटः यो एउटा नमूना फाराम मात्र हो निर्दिष्ट गरेको बुँदामा रही विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ।

सचिव

मा. आरती पौडेल
सदस्य

खण्ड- (ग)

<u>स्थानीय निकायको सिफारिस पत्रको ढाँचा</u>

................. को सूचना बमोजिम अनुदान पाउँ भनी निवेदकले उल्लेख गरेको उपरोक्त विवरणहरु ठीक छन। अतः ............................................................ कार्यक्रम सञ्चालनका लागि श्री .............................................................बाट पेश भएको निवेदन बमोजिम अनुदान उपलब्ध गराइदिनुहुन सिफारिस साथ अनुरोध छ।

सिफारिस कर्ताको नाम

पद

दस्तखत

मिति

स्थानीय तहको छाप

खण्ड-(घ)

**सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस पत्रको ढाँचा** (निर्देशनालयले कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा मात्र)

कृषि विकास निर्देशनालयको सूचना बमोजिम अनुदान माग गरी प्रस्ताव पेश गर्ने श्री ............................................. को उपरोक्त उल्लेखित व्यहोरा सबै ठीक छन। अतः ................................ को लागि निज श्री ...................................... बाट पेश भएको निवेदन बमोजिम अनुदान उपलब्ध गराई दिनुहुन सिफारिस साथ अनुरोध छ। यस स्थानमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पकेट/ब्लक/जोन/सुपरजोन रहेको/नरहेको समेत अनुरोध छ।

सिफारिसकर्ताको नाम :

पद :

दस्तखत .............

मिति :

छाप

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-३

(दफा ५ को खण्ड (ग) सँग सम्बन्धित)

**<u>खाद्यान्न भण्डार घरको मापदण्ड</u>**

| विवरण | भण्डारको क्षमता (मे.टनमा) | आवश्यक न्यूनतम जमीन | कैफियत |
|---|---|---|---|
| १. खाद्यान्न भण्डार | | | |
| १. खाद्यान्न भण्डार घर | ५०० देखि ७०० | १२०० वर्ग मि. | १.जग्गा आफ्नै स्वामित्वमा भएको वा घटीमा १५ वर्षका लागि भाडामा लिएको हुनु पर्नेछ।<br>२. कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान दिइनेछ। |
| | ७०० देखि १२०० | २००० वर्ग मि. | |
| | १२०० देखि २००० | ३००० वर्ग मि. | |
| | २००० देखि ३००० | ४००० वर्ग मि. | |
| | ३००० देखि ४००० | ५००० वर्ग मि. | |
| | ४००० भन्दा बढी | ७००० वर्ग मि. | |

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-५

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

<u>प्रतिवद्धता-पत्र</u>

..................मन्त्रालय/कार्यालयको मिति .....................मा प्रकाशित सूचना अनुसार ........... कार्यक्रममा सहभागिताको लागि ईच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको छु। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ........ वर्षसम्म निरन्तरता दिनेछु। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगाबै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। सञ्चालित क्रियाकपालबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गदाछु। यसमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुला/बुझाउुंला।

अनुदानग्राहीको तर्फबाट

नामः

पद :

संस्थाको नाम :

ठेगानाः

सम्पर्क नं. :

दस्तखत :

मिति :

छाप :

सचिव

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

अनुसूची-६

(दफा ५ को खण्ड (छ) सँग सम्बन्धित)

## सम्झौता-पत्रको ढाँचा

श्री ........................................ मार्फत सञ्चालन गरिने आ.व. ...................... को स्वीकृत ......................................................... कार्यक्रम सञ्चालन गर्न ............................ .............................. (यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका कम्पनी/समूह/सहकारी संस्था ........................................................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका सर्तमानहरु गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता र सहमति भएको छ।

१. यो सम्झौता पत्र ....................................(प्रथम पक्ष) र ................................... (दोस्रो पक्ष) बीच .................................. कार्यक्रमको लागि लागत साझेदारीका लागि प्रयोग हुनेछ।
२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।
३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नु पर्नेछ।
४. खाद्यन्न भण्डार घर निर्माण/सुधार कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि ५० % कार्य सम्पन्न भए पछि पहिलो, र १०० % कार्यसम्पन्न भएपछि अन्तिम किस्ता अनुदान रकम एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गराउनेछ।
५. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा स्थलगत अनुगमन टोलिको सिफारिसको आधारमा गरिनेछ। दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम व्यवस्थापन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।
६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको विल सहित कार्यसम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा विलहरु प्राप्त भएको ७ दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।
७. सम्झौता रकम जम्मा:-
   प्रथम पक्षले ब्यहोर्नेः-
   दोस्रो पक्षले ब्यहोर्नेः-
८. दोस्रो पक्षले अनुदान रकम देहाय अनुसारको बिषयमा मात्र खर्च गर्नु पर्नेछ। अन्यथा प्रथम पक्षबाट भुक्तानी हुने छैन।

| सि.न. | क्रियाकलाप | ईकाइ | परिणाम | दर | जम्मा | अनुदान रक | कार्यक्रम सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. पूर्वधार | | | | | | | | |
| १.१ | | | | | | | | |
| १.२ | | | | | | | | |
| २. औजार/उपकरण | | | | | | | | |
| २.१ | | | | | | | | |

मा. आरती चौडेल
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.२ | | | | | | | | |
| ३. सञ्चालन खर्च | | | | | | | | |
| ३.१ | | | | | | | | |
| ३.२ | | | | | | | | |

९. प्रथम पक्षले उपलब्ध गराउने अनुदान रकम कार्यविधिको दफा ........ बमोजिमको काममा मात्र खर्च गर्न सकिनेछ र तोकिएको समयावधि भित्र सम्पन्न गरी भुक्तानी समेत माग गर्नु पर्नेछ अन्यथा भुक्तानी नभई हानी नोक्सानी पर्न गएमा प्रथम पक्ष जवाफदेही हुनेछैन।

१०. ............................................... कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१२. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१३. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ

..........................

प्रथम पक्षका तर्फबाट

नामः

पदः

साक्षीहरु

नामः

पदः

............................

दोस्रो पक्षका तर्फबाट

नामः

पदः

नामः

पदः

मितिः २०........... साल .......... महिना............. गते

नोट : सम्झौता हुँदाको बखत उल्लिखित बुँदाहरुमा थपघट गर्न सकिनेछ।

सचिव